सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाश कुमार ढुंगाना
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
आदेश
०६७-WO-१०७६
मुद्दाः- उत्प्रेषण।

स्व. रामदयाल अग्रवालको छोरा जिल्ला बारा कलैया नगरपालिका साविक वडा नं. ६, वडा नं. ७ बस्ने वर्ष ५२ को रतनलाल अग्रवाल ---------------------- निवेदक

विरूद्ध

विशेष अदालत, काठमाडौं समेत ------------------------------------------
अख्तियार दुरुपयोग अनुसन्धान आयोगग, नक्साल, काठमाण्डौं------------------ विपक्षी
बारा जिल्ला अदालत, कलैया, बारा ------------------------------------------
जिल्ला प्रशासन कार्यालय, कलैया, बारा--------------------------------------

साविक नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२, १०७(२) बमोजिम यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवम् आदेश यसप्रकार छः-

तथ्य खण्ड

१. म निवेदक एक नेपाली नागरिक भई प्रचलित नेपाल कानून र संविधान प्रदत्त मौलिक हकहरुको उपभोग गर्न पाउदछु। विपक्षी निकायहरुबाट म निवेदकको विरुद्धमा एउटा कसूर अभियोग लगाई दुई छुट्टाछुट्टै अदालतमा छुट्टाछुट्टै मुद्दा सिर्जना गरी मुद्दा चलाएको जानकारी म निवेदकको विरुद्धमा सम्मानित बारा जिल्ला अदालतमा चलेको सरकारी कागज

किर्ते मुद्दामा मिति २०६४।०९।०४ मा भएको फैसलालाई सदर गर्ने गरी भएको सम्मानित पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६५।०८।१५ मा भएको फैसलाको नक्कल मिति २०६७।१२।१८ मा मेरो कानून व्यवसायीले लिई फैसला अध्ययन गर्दा सम्मानित विशेष अदालतमा निवेदकको विरुद्धमा भ्रष्टाचार मुद्दा दायर भै भ्रष्टाचार मुद्दामा ठहर फैसला भएको भनि उक्त सरकारी कागज किर्ते मुद्दामां पुनरावेदन अदालत, हेटौंडाबाट निर्णयधार लिई फैसला भएबाट म निवेदकले सरकारी कागज किर्ते गरी बारा जिल्ला भोडाहा गा.वि.स. वडा नं. ६ कि.नं. ४४ को ज.वि. ०-३-१६-० ऐलानी जग्गालाई आफ्नो ज.ध. पूर्जामा पारेको मोठ श्रेस्ता सच्याएको भनि बारा जिल्ला अदालतमा सरकारी कागज किर्ते मुद्दा चलिसकेपछि पुन सोही विषयमा विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर भै ठहर फैसला भएको सरकारी किर्ते मुद्दाको सम्बन्धमा छुट्टै दोहोऱ्याई पाउँको निवेदन पत्र दर्ता गरी न्याय इन्साफ हुने नै छ। म निवेदकको मुलुकी ऐन, अ.बं. ११० नं., विशेष अदालत ऐन, २०५९ को दफा १०(९) मा व्यवस्थित कानूनी हक, नेपालको अन्तरिम संविधान २०६३ को धारा २४(६) मा व्यवस्था भएको मौलिक हक विपक्षीहरुबाट हनन गर्ने कार्य भएबाट त्यस्ता गैरकानूनी कार्य बदर गरी पाउन अन्य वैकल्पिक र प्रभावकारी उपचारको अभावमा सम्मानित अदालतको असाधारण अधिकारक्षेत्र अन्तरगत प्रस्तुत निवेदन लिई उपस्थित भएको छु।

२. म निवेदकको विरुद्धमा सम्मानित बारा जिल्ला अदालतमा सरकारी कागज कीर्ते मुद्दा दायर भैसकेको अवस्थामा सोही विषयमा जिल्ला प्रशासन कार्यालयको पत्रद्वारा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा भ्रष्टाचार मुद्दामा म समेतलाई कारबाही हुन लेखी पठाएको रहेछ। तत्पश्चात अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट म निवेदकलाई उपस्थित हुन पत्राचार भैसकेपश्चात म निवेदक अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उपस्थित भै सत्य साँचो बेहोराको बयान गर्ने क्रममा म निवेदकका विरुद्धमा सम्मानित बारा जिल्ला अदालतमा यसै विषयमा सरकारी कागज कीर्ते मुद्दा दायर भएको छ भनी बयान गरेको थिए। यस्तैमा हालमात्र कानून व्यवसायी मार्फत विशेष अदालतको फैसलाको नक्कल सारी अध्ययन गर्दा म निवेदकले सम्मानित विशेष अदालत काठमाडौंबाट जारी भएको सुरु म्यादै गुजारी बसेको भनी म निवेदक उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम सजाय मागदावी भै तत्कालिन भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम १ वर्ष कैद गरिएको रहेछ। म निवेदकले म्याद गुजारी बसेको देखिंदा पुनरावेदनको म्याद दिई रहनु परेन भनी

फैसला भै अन्तिम भएको भनी गरी मागन अन्य वैकल्पिक र उपचारको अभावमा सम्मानित अदालतको असाधारण अधिकार क्षेत्र अन्तर्गत यो निवेदन गर्न आएको छु।

३. सम्मानित विशेष अदालत काठमाण्डौबाट जारी भई मिति २०६५।०७।०१ मा भएको भनिएको म्यादमा "म्यादवाला उपचारको लागि बाहिर गएको र निजको एकाघर सगोलको उमेर पुगेको लोग्ने मानिस र स्वास्नी मानिस समेत फेला नपरेको" भनी घर दैलामा टाँस गरिएको लेखिएको छ भने रोहवरमा वडा सचिवलाई राखे तापनि उक्त वडा कार्यालयको छाप तामेली भनिएको म्याद लगाइएको छैन। मुलुकी ऐन अ. बं. ११० नं. को कानूनी प्रक्रिया भनेको पनि घरद्वार टाँस भएकोमा सम्बन्धित गा.वि.स. र नगरपालिकामा बुझाई बाध्यात्मक रुपमा सहीछाप गर्नु पर्दछ भन्ने नै हो। त्यसरी उक्त म्याद तामेली मुलुकी ऐन अ. बं. ११० नं. विपरीत रहेको स्पष्टै छ। त्यसैगरी उक्त तामेली भनिएको म्यादको व्यहोरामा उल्लेखित व्यहोराबाट म निवेदक घरमा नभएको र घरमा अन्य व्यक्ति समेत नभएको भनि स्वीकार गरिएको अवस्थामा विशेष अदालत ऐन, २०५९ को दफा १०(९) विपरित भएकोले उक्त मिति २०६३।०७।०१ र सोको आधारमा गरिएको मिति २०६५।०७।१० को विशेष अदालत, काठमाण्डौंको फैसला वदर गरी न्याय इन्साफ पाउँ।

४. नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(६) मा "कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एकपटक भन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन" भन्ने व्यवस्थालाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ। म निवेदक जिल्ला बारा भौडाहा गा.वि.स. वडा नं.६ कि.नं.४४ को जग्गा मालपोत कार्यालयको मोठ श्रेस्ता सच्चाएको र आफ्नो नाममा ल्याएको भनी सोही विषयमा सरकारी कागज कीर्ते मुद्दा दायर भएको व्यहोरा म निवेदकले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान दिइसके पश्चात सम्मानित विशेष अदालतमा सोही विषयमा भ्रष्टाचार मुद्दा चलाई मुलुकी ऐन अ.बं.११० नं. विपरीत गैह्रकानूनी म्याद तामेली गरी दोहोरो सजाय गरेको स्पष्टै छ। मुलुकी ऐन अ.बं.८५ नं. ले अड्डामा मुद्दा परी फैसला भएपछि सो फैसला उपर ऐन बमोजिमको पुनरावेदन नभई सोही मुद्दामा उसै झगडियाका नाउँको फिराद लिई सुन्न हुदैन, लिएको भएपनि खारेज गरिदिनु पर्छ भन्ने कानूनी व्यवस्था हुँदा उसै विषयमा अभियोग पत्र लिई सजाय गर्ने कार्य फौजदारी कानूनको सर्वमान्य सिद्धान्त र संविधान प्रदत्त मौलिक हक विपरीत रहेकोले विशेष अदालतको फैसला बदर गरी पाउँ।

५. साविक भ्रष्टाचार निवारण ऐन, २०१७ र हालको भ्रष्टाचार निवारण ऐन, २०५९ ले म निवेदकले गरेको भनिएको कार्य भ्रष्टाचारको परिधिभित्र राखेको छैन। सम्मानित विशेष अदालतमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गर्दा अस्पष्ट मागदावी लिई उक्त विषयमा सम्मानित बारा जिल्ला अदालतमा सरकारी कागज कीर्ते मुद्दा दायर भएको जानकारी पाउँदा पाउँदै दायर भएको अभियोग पत्र खारेज गर्नुपर्नेमा एकतर्फी रुपमा विशेष अदालतबाट भएको फैसला बदरभागी रहेकोले बदर गरी पाउँ।

६. म निवेदकको विरुद्धमा सम्मानित बारा जिल्ला अदालतमा मालपोत कार्यालयको मोठ श्रेस्ता सच्याई जिल्ला बारा भाडाहा गा.वि.स. वडा नं.६ कि.नं.४४ को जग्गा आफ्नो नाममा पारेको भन्ने विषयमा सरकारी कागज कीर्ते मुद्दा दायर भै विचाराधिन रहिरहेको थाहा जानकारी हुँदा हुँदै सोही विषयमा म निवेदकको विरुद्धमा विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरी मुलुकी ऐन, अ.बं.११० नं. को प्रक्रिया समेत नपुऱ्याईकन प्रतिवन्दको मौका समेत नदिई प्राकृतिक न्याय सिद्धान्त विपरीत म्याद तामेल गरी म्यादै गुजारी बसेको भनी सम्मानित विशेष अदालतबाट जारी मिति २०६३।०७।०१ को गैहृकानूनी म्याद तामेली र सो को आधारमा म निवेदकलाई १ वर्ष कैद हुने ठहऱ्याईएको मिति २०६५।०७।१० गतेको फैसला मुलुकी ऐन, अ.बं.११० नं. ८५ नं., विशेष अदालत ऐन, २०५९ को दफा १०(९) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा २४(६) मा व्यवस्थित मौलिक हक विपरीत भएकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३२/१०७(२) बमोजिम उत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने आज्ञा आदेशले बदर गरी उक्त फैसलाले लागेको कैदको लगत समेत कट्टा गरी न्याय इन्साफ पाउँ भन्नेसमेत बेहोराको रतनलाल अग्रवालले यस अदालतमा पेश भएको निवेदनपत्र।

७. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? यो आदेश प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ (पन्ध्र) दिन भित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पठाउनु भनी विपक्षीहरुलाई निवेदन नक्कल समेत एक प्रति साथै राखी सूचना पठाई लिखित जवाफ परेपछि वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू भन्नेसमेत बेहोराको यस अदालतबाट भएको आदेश।

८. रतनलाल अग्रवालले नेपाल सरकारलाई रु.८,३३,४००।- गैहृकानूनी हानी र आफूलाई गैहृकानूनी लाभ पुऱ्याएको देखिन आएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा ४ बमोजिम हदै सम्म सजाय गरी पाउँन सम्मानित विशेष अदालतबाटै झिकाई बुझी पाउँ भनी बारा

जिल्ला कलैया नगरपालिका वडा नं.७ वतन राखी अभियोग पत्र दायर भएको देखिन्छ। यसै क्रममा निज रतनलाल अग्रवालका नाउँमा विशेष अदालत ऐन, २०५९ को दफा १०(१) बमोजिम समाव्हान जारी गरी प्रतिवादी हाजिर भए वा अवधि नाघेपछि नियमानुसार पेश गर्नु भन्ने आदेशानुसार जारी भएको १५ दिने म्याद मिति २०६३।०७।०१ मा निज प्रतिवादी रतनलाल अग्रवालको घर दैलामा टाँस गरी रित पूर्वक तामेल भएको र म्याद गुजारी बसेको देखिंदा पुनरावेदनको म्याद दिई रहनु परेन भनी निजलाई १ (एक) वर्ष कैद हुने ठहरी मिति २०६५।०७।१० मा फैसला भएको हो। यी निवेदक प्रतिवादी रतनलाल अग्रवालको नाउँमा यस अदालतबाट जारी भएको म्याद बारा जिल्ला अदालतका तामेलदार विचारी शिव प्रसाद दाहाल तामेल गर्न निजको वतनमा जाँदा निज प्रतिवादी रतनलाल अग्रवाल उपचारको लागि बाहिर गएको र निजको एकाघर सगोलको उमेर पुगेको लोग्ने मानिस र स्वास्नी मानिस समेत फेला नपरेकोले निजको नामको एक प्रति म्याद स्थानिय सुनउल्लाह मन्सुर र श्रवण प्रसाद अग्रवाललाई रोहवरमा राखी एक प्रति कलैया नगरपालिका कार्यालयमा टाँस गर्न बारा जिल्ला, कलैया नगरपालिका वडा नं.७ का वडा सचिव माधव राज रेग्मीलाई बुझाई निज रतनलाल अग्रवालको घर दैलामा सबैले देख्ने गरी टासी दिएको भनी मिति २०६३।०७।०१ मा तामेल भै आएको र सो तामेली रितपूर्वक नै देखिएको हुँदा यस अदालतबाट मिति २०६५।०७।१० मा फैसला भएको हो। जाँहा सम्म विशेष अदालत ऐन, २०५९ को दफा १०(९) बमोजिम राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशित गर्ने निवेदक प्रतिवादीले जिकिर लिनु भएको छ सो सम्बन्धमा उक्त दफा १०(९) को व्यवस्था हेर्दा ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो म्याद बुझाउन नसकिएको अवस्थामा मात्र राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गरिने हो। त्यसकारण, यी निवेदक प्रतिवादीका नाउँमा यस अदालतबाट जारी भएको म्यादमा मुलुकी ऐन अ.बं.११० नं. को रित पुगेको देखिंदा निवेदन जिकिर कानून संगत देखिंदैन। तसर्थ कानून बमोजिम भए गरेको काममा निवेदकको माग बमोजिम उत्प्रेषणको आदेश जारी नभै प्रस्तुत रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाउँ भन्नेसमेत बेहोराको विशेष अदालतले यस अदालतमा पेश भएको लिखित जवाफ।

९. बारा जिल्ला भोडहा गा.वि.स. वडा नं.६(ख) को कि.नं.४४ को सरकारी पर्ती जग्गा मालपोत कार्यालय, बाराका कर्मचारीहरुले व्यक्तिको श्रेस्ता पुर्जामा चढाई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान सम्पन्न भई यस आयोगको मिति २०६३।०४।०७ को बैठकबाट बारा जिल्ला कलैया नगरपालिका वडा नं.७ बस्ने रतनलाल अग्रवालले सरकारी

पर्ती जग्गा आफ्नो नाउँमा कायम गराउने खराब मनसाय राखी मालपोत कार्यालय, बाराको र.नं.१२६४ मिति २०५१।०६।०४ को पारित राजिनामा बमोजिम निजले रौदी खाँ थारुबाट लिएको भोडहा ५(क) को कि.नं.३७९ को क्षेत्रफल वि.०-०-११.५ जग्गा मिति २०५१।०९।१३ मा निजको श्रेस्ता पुर्जामा चढाउँदा फाँटवाला खरिदार प्रल्हादप्रसाद शाहसँग मिलेमतोगरी भोहडा गा.वि.स. वडा नं.६(ख) को कि.नं.४४ को ज.वि. ३-१६-० सरकारी पर्ती जग्गा निजको श्रेस्ता पुर्जामा चढाउन लगाएको पाइयो। आफ्नो नाउँमा श्रेस्ता कायम भएपछि मिति २०५१।११।२२ मा अंश भरपाई बमोजिम उक्त कि.नं.४४ लाई कित्ताकाट गरी कायम भएको कि.नं.१६९ को ज.वि.०-१६-० आफ्नै श्रीमती उमादेवी अग्रवाललाई दिएको र निजको नाउँमा कायम रहेको कि.नं.१७० को ज.वि.३-१६-१२ समेत जम्मा ज.वि.४-१२-१२ निज रतनलाल अग्रवालको परिवारले २०५१ सालदेखि २०६२ सालसम्म जोतभोग गरेको देखियो। प्रल्हादप्रसाद शाहको संलग्नतामा सरकारी पर्ती जग्गा आफ्नो नाउँमा कायम गराएको र कित्ताकाट पश्चात् आफ्नो नाउँमा कायम रहेको जग्गाको क्षेत्रफल समेत सच्याउन लगाई सो बमोजिमको जग्गा जोतभोग समेत गरेको देखिएबाट निजले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरी नेपाल सरकारलाई गैह्रकानूनी हानी र आफूलाई गैह्रकानूनी लाभ पुऱ्याएको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिम हदैसम्मको सजायको मागदावी लिने भन्नेसमेतको निर्णय भई निज समेतका विरुद्ध श्री विशेष अदालत समक्ष भ्रष्टाचार मुद्दा दायर गरिएको हो। आफू विरुद्ध बारा जिल्ला अदालत समक्ष सरकारी कागज कीर्ते मुद्दा दायर भएको जानकारी हुँदा हुँदै सोही विषयमा विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेबाट मुलुकी ऐन अ.बं.८५ नं. मा भएको व्यवस्थाको उल्लंघन भएको भनी विपक्षीले उठाएको प्रश्नका सम्बन्धमा मुलुकी ऐन, प्रारम्भिक कथनको ४ नं. मा विषय विषयमा छुट्टाछुट्टै बनेका कानूनमा लेखिए जतिमा सोही कानून बमोजिम र सो कानूनमा नलेखिएकोमा यही मुलुकी ऐन बमोजिम गर्नुपर्छ भन्ने उल्लेख छ। निज विरुद्ध सरकारी छाप दस्तखत कीर्ते मुद्दा दायर भइसकेको र भ्रष्टाचारको संबन्धमा बनेको कानून साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३० मा प्रचलित कानून बमोजिम र भ्रष्टाचार निवारण ऐन बमोजिम समेत मुद्दा चल्न सक्ने अभिव्यक्ति भएको र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९(घ) ले प्रचलित कानून बमोजिम मुद्दा दायर भएकोमा यस ऐन अनुसार समेत मुद्दा दायर

गर्न बाधा नपुग्ने भनी स्पष्ट व्यवस्था गरेको हुँदा निजको उक्त जिकिर कानून विपरीत रहेको छ। यसरी विपक्षी विरुद्ध सरकारी छाप दस्तखत तर्फ मुलुकी ऐन, कीर्ते कागजको महलको ७ र १२ नं. बमोजिम सजायको मागदावी लिई र सो कार्य गर्दा निजले गरेको भ्रष्टाचार तर्फ भ्रष्टाचार निवारण ऐन बमोजिम मुद्दा दायर भएको अवस्था हो। यसरी दुई छुट्टाछुट्टै कसूरमा छुट्टाछुट्टै ऐन बमोजिम मुद्दा दायर भएको अवस्थालाई एकै कसूर भन्न मिल्दैन। विपक्षीले प्रतिवादको मौका समेत नदिई आफूलाई विशेष अदालतबाट सजाय ठहर गरेको भनी सो प्रश्नलाई समेत रिट निवेदनमा मूल प्रश्नको रुपमा उठाउनु भएको देखिन्छ। यसरी आफूउपर भ्रष्टाचार मुद्दा दायर हुन नसक्ने भनी निजले लिएको जिकिरमा अडिग रहन नसकी विशेष अदालतले उक्त मुद्दामा म्याद दायर गर्दा त्रुटी हुन गएको भनी प्रश्न उठाएबाटै उक्त जिकिरहरु एकापसमा विरोधा भाषपूर्ण देखिन आएका छन्।विपक्षीले रिट निवेदनको प्रकरण ३ मा म्यादवाला उपचारको लागि बाहिर गएको र निजको एकाघर सगोलको उमेर पुगेको लोग्ने मानिस र स्वास्नी मानिस समेत फेला नपरेकोले भनी घर दैलामा टाँस गरिएको भन्ने लेखिएको र रोहवरमा वडा सचिवलाई राखिएको अवस्थालाई स्वीकार गर्नु भएको छ। यसरी निजको घरदैलामा म्याद टाँस भएको र रोहवरमा वडा सचिवले दस्तखत गरेको अवस्थामा उक्त तामेली म्यादलाई बेरितको भन्न मिल्दैन। विपक्षीले आफ्नो ठेगाना अन्यत्र भएको भन्न सकेको पनि छैन। रितपूर्वक म्याद तामेल भएको र सो म्यादमा आफ्नो सफाई दिन अदालतसमक्ष नगई कसूर स्वीकार गरी बस्ने यी विपक्षीको हकमा विशेष अदालत ऐन, २०५९ को दफा १०(९) बमोजिम सूचना प्रकाशन गर्ने अवस्था नै छैन।उपरोक्त आधारहरुबाट विपक्षीको माग बमोजिमको आदेश जारी हुनु पर्ने अवस्था नहुँदा रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु भन्नेसमेत बेहोरा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तर्फबाट यस अदालतमा पेश भएको लिखित जवाफ।

१०. विपक्षी निवेदकले म निवेदक उपर बारा जिल्ला अदालतमा सरकारी कागज कीर्ते मुद्दा दायर भैसकेको अवस्थामा सोही विषयमा जिल्ला प्रशासन कार्यालयको पत्रद्वारा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा भ्रष्टाचार सम्बन्धी मुद्दामा म समेतलाई कारवाही हुन लेखी पठाइएको भन्ने आधारमा यस कार्यालय समेतलाई विपक्षी बनाइएको देखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकार बमोजिम रिट निवेदक रतनलाल अग्रवालसमेत उपर भ्रष्टाचार तर्फ कारवाही गर्न जिल्ला सरकारी वकील कार्यालय बाराको च.न.३५६ मिति २०६२।०८।१२ को पत्रबाट लेखी आएकोमा यस कार्यालयबाट सो विषयमा

छानविन प्रतिवेदन समेतको कागजात च.न. ३८२३ मिति २०६८।१०।०३ को साथ अख्तियार दुरुपयोग आयोगमा पठाइएको सम्मको आधारमा यस कार्यालय समेतलाई विपक्षी बनाइ रिट निवेदन दर्ता भएको दखिन्छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रत्यायोजित अधिकार बमोजिम यस कार्यालयबाट छानविन प्रतिवेदन आयोगमा पठाइएकोमा सो कार्यले विपक्षीको कुन संवैधानिक र कानूनी हकमा आघात पुगेको भनी स्पष्ट खुलाई रिट दायर भएको नदेखिएको केवल हचुवाको भरमा यस कार्यालय समेतलाई विपक्षी बनाई निवेदन दिनु भएको देखिएकोले उक्त रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालत समक्ष अनुरोध छ भन्नेसमेत बेहोरा जिल्ला प्रशासन कार्यालय, बाराको तर्फबाट यस अदालतमा पेश भएको लिखित जवाफ।

११. विपक्षी रिट निवेदक रतनलाल अग्रवालका नाउँमा विशेष अदालत काठमाण्डौंबाट जारी भएको भ्रष्टाचार मुद्दाको म्याद यस अदालतबाट मिति २०६३।०७।०१ मा मुलुकी ऐन, अ.बं.११० को रित पुऱ्याई तामेल भएको र सो तामेली म्याद विशेष अदालत काठमाण्डौंमा पठाइएको हो। सो तामेली म्याद सम्बन्धित मिसिल सामेल रही मिसिल सम्मानित अदालतमा नै रहेको हुँदा तामेली म्यादबाटै व्यहोरा प्रष्ट हुने नै हुँदा विपक्षीको रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको बारा जिल्ला अदालत, कलैयाको तर्फबाट यस अदालतमा पेश भएको लिखित जवाफ।

१२. यसमा प्रस्तुत निवेदनसंग सम्बन्धित मुद्दाको शुरु, रेर्कड र भए प्रमाण मिसिलसमेत सम्बन्धित अदालतबाट झिकाई आएपछि मुद्दाहरु (०६७-CR-०६२८ र ०६७-RI-१७३८) साथै राखी नियमानुसार पेश गर्नू भन्नेसमेत बेहोराको यस अदालतबाट भएको आदेश।

## आदेश खण्ड

१३. नियमबमोजिम पेशी सूचीमा चढी इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा रिट निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री शेरबहादुर के.सी. र विद्वान अधिवक्ता श्री रामचन्द्र पौडेलले निवेदकको विरुद्धमा बारा जिल्ला अदालतमा मालपोत कार्यालयको मोठ श्रेस्ता सच्याई जिल्ला बारा भाडाहा गा.वि.स. वडा नं.६ कि.नं.४४ को जग्गा आफ्नो नाममा पारेको भन्ने विषयमा सरकारी कागज कीर्ते मुद्दा दायर भै विचाराधिन रहिरहेको थाहा जानकारी हुँदा हुँदै सोही विषयमा निवेदकको विरुद्धमा विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरी मुलुकी ऐन, अ.बं.११० नं. को प्रक्रिया समेत नपुऱ्याईकन प्रतिवादको मौका समेत नदिई प्राकृतिक न्याय सिद्धान्त विपरीत भएको फैसला बदर गरिपाउँ भन्नेसमेत बेहोराको बहस सुनियो।

१४. विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मीले विपक्षी रिट निवेदक रतनलाल अग्रवालका नाउँमा विशेष अदालत काठमाण्डौंबाट जारी भएको भ्रष्टाचार मुद्दाको म्याद रितपूर्वक दायर भएको र निवेदक उपर छुट्टाछुट्टै कानूनमा छुट्टाछुट्टै कानून अनुसार अभियोग दायर भएको अवस्था हो। यसरी दुई छुट्टाछुट्टै कसूरमा छुट्टाछुट्टै ऐन बमोजिम मुद्दा दायर भएको अवस्थालाई एकै कसूर भन्न मिल्ने नहुँदा रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको बहस सुनियो।

१५. उपरोक्त तथ्य र बहस जिकिर भएको प्रस्तुत निवेदनमा मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा निवेदन मागदावी बमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१६. निर्णय तर्फ विचार गर्दा, बारा जिल्ला अदालतमा मालपोत कार्यालयको मोठ श्रेस्ता सच्याई जिल्ला बारा भाडाहा गा.वि.स. वडा नं.६ कि.नं.४४ को जग्गा आफ्नो नाममा पारेको भन्ने विषयमा सरकारी कागज कीर्ते मुद्दा दायर भै विचाराधिन रहिरहेको थाहा जानकारी हुँदा हुँदै सोही विषयमा निवेदकको विरुद्धमा विशेष अदालत, काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरी मुलुकी ऐन, अ.बं.११० नं. को प्रक्रिया समेत नपुऱ्याईकन प्रतिवादको मौका समेत नदिई प्राकृतिक न्याय सिद्धान्त विपरीत विशेष अदालतबाट भएको फैसला बदर गरी पाउँ भन्ने निवेदन दावी र मुलुकी ऐन, अ.बं.११० नं. को सम्बन्धमा रित पुऱ्याई म्याद तामेल भएको र मुलुकी ऐन, अ.बं. ८५ नं. को सम्बन्धमा विपक्षी विरुद्ध सरकारी छाप दस्तखत तर्फ मुलुकी ऐन, कीर्ते कागजको महलको ७ नं. र १२ नं. बमोजिम सजायको मागदावी लिई र सो कार्य गर्दा निजले गरेको भ्रष्टाचार तर्फ भ्रष्टाचार निवारण ऐन बमोजिम मुद्दा दायर भएको अवस्थामा दुई छुट्टाछुट्टै कसूरमा छुट्टाछुट्टै ऐन बमोजिम मुद्दा दायर भएको अवस्थालाई एकै कसूर भन्न नमिलने देखिंदा निजहरूको के कस्तो हक हनन् भएको हो सो कुरा उल्लेख हुन नसकेको हुँदा रिट जारी हुनुपर्ने होइन भन्ने समेत प्रत्यर्थीहरुको लिखित जवाफ रहेको देखिन्छ।

१७. रिट निवेदकले एउटा कसूरमा दुईवटा मुदा चलाएको भनी जिकिर लिएको देखिन्छ। सो सन्दर्भमा हेर्दा, भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३० मा **"यस परिच्छेदमा लेखिएको कुनै कुराले कुनै व्यक्तिमाथि अरु नेपाल कानून बमोजिम अन्य अदालत वा अड्डाहरुमा कसैले मुद्दा चलाउन पाउनेमा बाधा पुऱ्याएको मानिने छैन।"** भन्ने र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९(घ) मा **"कुनै राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले नेपाल सरकार वा सार्वनजनिक संस्थालाई गैरकानुनी हानि नोक्सानी पुऱ्याएकोमा सो असुल उपर गर्न निज उपर छुट्टै मुद्दा दायर भएकोमा यस ऐन अन्तर्गत कसुरमा छुट्टै मुद्दा चलाउन बाधा पुग्ने छैन।"** भन्ने व्यवस्था रहेको देखिन्छ। यसै गरी, यस अदालतबाट *महेश चापागाई विरुद्ध नेपाल सरकारको भ्रष्टाचार* मुद्दा (ने.का.प. २०६९, अंक ८, नि.नं. ८८७४) मा **"दुई छुट्टाछुट्टै**

कानूनद्वारा परिभाषित अपराधअन्तर्गत पर्ने कसूरका हकमा ती छुट्टछुट्टै कानूनद्वारा **तोकिएबमोजिम मुद्दा परिचालित हुने अवस्था भएमा दोहोरो खतराको सिद्धान्त लागू नहुने। एउटै तथ्यबाट एक भन्दा बढी कसूर हुन सक्दछन्। यसरी समग्र तथ्य र सम्बद्ध कानूनी व्यवस्था र त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेबाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मान्न नमिल्ने।"** भन्ने प्रतिपादित सिद्धान्त रहेको पाइन्छ।

१८. यी निवेदक उपर भ्रष्टाचारको विषयमा विशेष अदालतमा र निजले गरेको किर्ते कार्यको सन्दर्भमा मुलुकी ऐनको किर्ते कागजको महल अनुसार कसुरमा जिल्ला अदालतमा अभियोग पत्र दायर भएको देखिन्छ। यसरी दुई छुट्टाछुट्टै कसुरमा छुट्टाछुट्टै ऐन बमोजिम मुद्दा दायर भएकोमा प्रस्तुत मुद्दामा एकै कसुरमा दोहोरो मुद्दा दायर भएको भन्न मान्न मिल्ने अवस्था देखिन आएन।

१९. रिट निवेदक प्रतिवादी रतनलाल अग्रवालको नाउँमा विशेष अदालतबाट जारी भएको म्याद बारा जिल्ला अदालतका तामेलदारले तामेल गर्न निजको वतनमा जाँदा निज प्रतिवादी रतनलाल अग्रवाल उपचारको लागि बाहिर गएको र निजको एकाघर संगोलको उमेर पुगेको लोग्ने मानिस र स्वास्नी मानिस समेत फेला नपरेकोले निजको नामको एक प्रति म्याद स्थानिय सुनउल्लाह मन्सुर र श्रवण प्रसाद अग्रवाललाई रोहवरमा राखी एक प्रति कलैया नगरपालिका कार्यालयमा टास गर्न बारा जिल्ला कलैया नगरपालिका वडा नं. ७ का वडा सचिवलाई बुझाई निज रतनलाल अग्रवालको घर दैलामा सबैले देख्ने गरी टासी दिएको भनी मिति २०६३।०७।०१ मा तामेल भई आएको देखिन्छ। विशेष अदालत काठमाण्डौंबाट मिति २०६३।०४।२९ मा यि रिट निवेदकको नाममा जारी भएको समाह्वान मिति २०६३।०७।०१ मा निवेदकको घरदैलामा टास भएको देखिन्छ। उक्त समाह्वान तामेली प्रतिमा दुईजना साक्षी राखी वडा नं. ७ को वडा सचिवको रोहवरमा वडामा टासको लागि प्राप्त भएको जनाउ समेत प्राप्त भएको भन्ने बेहोरा उल्लेख भएको देखिन्छ। यसरी तामेल भएको म्याद रित वेरित के रहेछ भनी हेर्दा, अ.वं. ११० (१) नं. बमोजिम प्रकृया पूरा गरी वडा सचिव तथा स्थानीय भलादमी दुईजना राखी तामेल गरी १ प्रति नगरपालिकामा टास गर्न बुझाएको देखिन्छ। जहाँ सम्म विशेष अदालत ऐन, २०५९ को दफा १०(९) बमोजिम राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशित गर्ने निवेदक प्रतिवादीले जिकिर लिनु भएको छ, सो सम्बन्धमा उक्त दफा १०(९) को व्यवस्था हेर्दा ठेगाना पत्ता नलागी वा अन्य कुनै कारणले त्यस्तो म्याद बुझाउन नसकिएको अवस्थामा मात्र राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गर्नु पर्ने भन्ने देखिन्छ। निवेदकको नाउमा विशेष अदालतबाट जारी भएको म्याद निजको घरदैलामा रितपूर्वक तामेल भएको देखिएको अवस्थामा विशेष अदालत ऐन, २०५९ को दफा १०(९) बमोजिम राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना

प्रकाशित गर्नुपर्ने देखिन आउदैंन।

२०. अतः माथि उल्लेखित आधार र कारणबाट निवेदकको नाउमा विशेष अदालतबाट मिति २०६३।०४।२९ मा जारी भएको म्याद रितपूर्वक तामेल भएको देखिएको र दुई छुट्टाछुट्टै कसुरमा छुट्टाछुट्टै ऐन बमोजिम मुद्दा दायर भएको अवस्थालाई एउटै कसुर मान्न मिल्ने नदेखिंदा निवेदकको माग बमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गरिरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

२१. यस आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी फैसलाको विद्युतीय प्रति यस अदालतलको विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

........................

न्यायाधीश

उक्त आदेशमा सहमत छु।

........................

न्यायाधीश

इजलास अधिकृत : नीति उप्रेती

कम्प्युटर अपरेटर : मिलन राणा

ईति सम्बत् २०७९ साल पुष ०४ गते रोज ४ शुभम् ----------------------------।